# मन्तव्य

प्रजातन्त्रमा मिडियाको भूमिका अत्यन्त गहन हुन्छ। यसले सत्य र तथ्य समाचार र बहुल विचारहरु समयमै सम्प्रेषण गरेर जनमत सृजना गर्न र सरकारका तीनै अ· कार्यपालिका, व्यवस्थापिका र न्यायपालिका तथा बजार र नागरिक समाजको सजग पहरेदार (वाचडग)को भूमिका खेल्दछ। नेपाली मिडियाका बारेमा चासो राख्ने जो कोहीले पनि जिज्ञासा राख्ने कुरा के हो भने यो कति प्रतिनिधिमूलक छ? यसले जनमत सृजना गर्न र पहरेदारको भूमिका निभाउन के कति सक्षम भएको छ? नेपाली मिडियाका विविध पक्षहरुबारे कथित मूलप्रवाहका सञ्चारकर्मीहरु र बुद्धिजीवीहरुले धेरै चिन्तन मनन गरेको पाइन्छ तर ती चिन्तन मननमा अहिलेसम्म पर्न नसकेको एउटा सवाल नेपाली मिडियामा दलित तथा जनजातिको सवाल पनि हो।

नेपालमा कुल जनसङ्ख्याको एक चौथाइ जति जनसङ्ख्या भएका बाहुन, छेत्रीको समुदाय बाहेक अन्य सबै प्रकारका समुदायहरु जनजातिहरुले भन्ने गरेको बाहुनवादी अर्थात् दलितहरुले भन्ने गरेको ब्रा्मणवादी अर्थात् मधेसीहरुले भन्ने गरेको खस-ब्रा्मणवादीहरुको सोच, नीति र व्यवहारबाट सदियौं»देखि शिकार रहन बाध्य रहँदै आएका छन्। आदिबासी जनजाति, दलित र मुस्लिम जस्ता जातीय समुदायहरु बाहुनवादीहरुबाट जातीय, भाषिक, धार्मिक र सांस्कृतिक शोषण, दमन र उत्पीडनमा पर्दै आएका छन्। मातृभाषा-भाषीहरु खस नेपाली भाषा र अनिवार्य संस्कृत पाठ्यक्रमबाट भाषिक शोषण, दमन र उत्पीडनमा पर्दै आएका छन्। मधेसी र मध्य-पश्चिमेली तथा सुदूर-पश्चिमेली जनताहरु खस-ब्रा्मणवादीहरुबाट क्षेत्रीय शोषण, दमन र उत्पीडनमा पर्दै आएका छन्। महिलाहरु हिन्दू धर्मबाट सृजित पितृसत्ताबाट लैं·िक शोषण, दमन र उत्पीडनमा पर्दै आएका छन्। यी सबै प्रकारका भोगाइहरु भोगेर धेरै पुस्ताहरु बिलाइसके तर शोषण, दमन र उत्पीडन भने बिलाउन सकेको छैन। यी शोषण, दमन र उत्पीडनहरुको शिकार रहन बाध्य समुदायहरु लिखित संस्कृतिभन्दा पनि मौखिक संस्कृतिका धनी छन् र धेरैजसो साक्षर वा शिक्षित हुने अवसरबाट बञ्चित रहेका छन्। आजको परिवेशमा मौखिक वा अव्यक्त सामूहिक स्मृतिभन्दा पनि अक्षरहरुमा लिपिबद्ध अर्थात् लिखतमा व्यक्तिगत वा सामूहिक स्मृतिहरु र तीमध्ये पनि अनुसन्धानमा आधारित तथ्यहरुको महत्त्व बढी हुन्छ। नेपालको अधिकांश जनसङ्ख्याको भाग ओगट्ने आदिबासी जनजाति र दलितहरुको हकमा लेख्य परम्परा भर्खरमात्र बिस्तारै सुरु भएको छ। जति लेखिएको छ त्यसले ढाक्नु पर्ने क्षेत्रहरु अनन्त छन्।

यस्तै खाली रहेका क्षेत्रहरुमध्ये मिडिया अर्थात् आम-सञ्चारको क्षेत्र पनि एक हो। प्रत्यूष वन्त र शेखर पराजुली द्वयले सम्पादन गर्नु भएको यो प्रतिवेदन–

पुस्तकले यो खाली ठाउँलाई भर्ने काम गरेको छ। यो नै पुस्तकको सर्वाधिक उल्लेखनीय पक्ष हो। यसको अर्को राम्रो पक्ष भनेको दलित र जनजाति आन्दोलनका आन्दोलनकारीहरुले सधैंजसो नेपाली मिडिया बाहुनवादी वा ब्रा्मणवादी सोच, नीति र व्यवहारबाट आक्रान्त छ भन्ने भनाइलाई बाहुनवादीहरुले मिथ्या आरोप भन्ने गरेकोमा त्यस्ता बाहुनवादीहरुलाई यो प्रतिवेदनले अगाडि सारेको अनुसन्धानबाट प्राप्त वस्तुगत तथ्यले एक चड्कन दिएको महशुस गरेको छु। प्रस्तुत अनुसन्धान र यसबाट निस्किएका तथ्यहरुले जनजाति र दलित आन्दोलनलाई अझ बढी

निर्धक्क भएर बाहुनवादी सोच, नीति र व्यवहारका बिरुद्ध जुझारु आन्दोलन उठाउन थप उर्जा प्रदान गर्नेछ। यो प्रतिवेदनमा दलितबाट चक्रमान विश्वकर्मा, जनजातिबाट कुमार ँयात्रु’ (लिम्बू) र प्रत्यूष वन्त, मधेसीबाट सी.के. लाल, र बाहुन छेत्रीबाट शेखर पराजुली, भास्कर गौतम र प्रमोद भट्टले अनुसन्धान प्रतिवेदनका विभिन्न भागहरु लेख्नु भएर एउटा निष्कर्षमा पुगी सुझावहरु प्रस्तुत गर्नु भएको र त्यो निष्कर्ष भनेको नेपाली मिडियामा बाहुनवादीहरुको के कति नियन्त्रण छ र के कति निर्लज्ज स्थिति छ भनेर उदाङ्गो पार्न उहाँहरु सबै सफल हुनु भएको छ। यही निष्कर्ष र सुझावहरु जनजाति वा दलित वा मधेसीहरु मात्रको समूहले दिएको भए बाहुनवादीहरुले उनीहरुलाई घोर साम्प्रदायिक, मनोगत, विखण्डनकारी जस्ता आदि इत्यादि आरोपहरु लगाउनसक्ने थिए तर यो प्रतिवेदन तीन जना बाहुन छेत्री, दुई जना जनजाति, एक जना दलित र एक जना मधिसेको भएकाले त्यस्तो भन्ने ठाउँ नै बाँकी रहेन।

यसको अर्थ यो प्रतिवेदनमा सुधार्नु पर्ने ठाउँहरु प्रशस्त नभएको भने होइन। यो अध्ययन टोलीका सातै जना अनुसन्धाताहरु एक ठाउँमा बसेर पटक पटक अवधारणा र खाकाका बारेमा प्रशस्त गृहकार्य गर्न सकेको भए प्रतिवेदनमा एकरुपता आउने थियो र एकले अर्कालाई प्रशस्त सहयोग गर्न सकिने थियो। अहिलेको अवस्थामा यो एउटा प्रतिवेदनको ठाउँमा पाँचवटा छुट्टाछुट्टै प्रतिवेदन र दुईवटा लेखहरु थपथाप भएको जस्तो अनुभव हुन्छ।

तीनवटा प्रतिवेदनहरु शेखर पराजुली र भास्कर गौतमको ँप्रिन्ट मिडियामा दलित र जनजाति सहभागिताः राष्ट्रिय सर्वेक्षण’, प्रमोद भट्टको ँछापामा दलितका समाचारः विषयवस्तु विश्लेषण’ र शेखर पराजुलीको ँपत्र-पत्रिकामा जनजातिः विवरणात्मक समीक्षा’ बाहुन छेत्रीको सट्टा जनजाति वा दलित आफै»ले एकल वा संयुक्त रुपमा वा उहाँहरु सँगै पनि संयुक्त रुपमा अनुसन्धान गरेको भए प्रतिवेदनको स्वरुप र तथ्यहरुको विश्लेषण के कस्तो हुने थियो? मलाई लाग्छ बाहुन छेत्री अनुसन्धाताहरु शेखर पराजुली, भास्कर गौतम र प्रमोद भट्टको प्रस्तुति निकै नरम छ। सायद यो स्वाभाविक पनि हो। मिशेल फूकोले शक्ति र ज्ञानको र युर्गेन हावरमासले ज्ञान र स्वार्थको अन्तरसम्बन्धबारे केलाउनु भएकोमा नेपाली समाजको सन्दर्भमा शक्ति, ज्ञान र स्वार्थको त्रिकोणात्मक अन्तरसम्बन्धलाई हामीले हेक्का राख्नै पर्ने हुन्छ।

मिडियाको विषयवस्तु विश्लेषण गर्दा विषय र प्रकारका बारेमा बढी विश्लेषण भएको पाइन्छ भने विषय प्रस्तुतिको उद्देश्य, लक्षित वर्ग, विषयको आयतन, स्थान, सूत्र, तस्वीर, उद्धृत व्यक्ति वा संस्थाहरु र प्रस्तुतिको तरिका (सकारात्मक वा नकारात्मक) बारे उत्तिकै ध्यान दिएको भए बेस हुने थियो। सबै प्रतिवेदनहरुमा अरु गहिराइमा व्याख्या र विश्लेषण भएको भए अझ उपयोगी हुने थियो।

यो प्रतिवेदनमा विस्तृत सुझावहरु छन्। यीमध्ये एक अंशमात्र पनि कार्यान्वयन भएको खण्डमा निकै परिवर्तन महसुस गर्न सकिनेछ। भएका सुझावहरुको फेहरिस्त लामो भएकाले प्राथमिकताका आधारमा तत्कालै गर्नु पर्ने र केही निश्चित समयावधिभित्र क्रमशः गर्न सकिने बुँदाहरु प्राथमिकता क्रमका आधारमा छुट्ट्याउन पाएको भए यी सबै सुझावहरुलाई केलाएर कार्यान्वयन गर्नेहरुलाई सजिलो पर्ने थियो। यी सुझावहरुको कार्यान्वयनको व्यावहारिकताका बारेमा क्याच-२२ को स्थिति छ अर्थात् मिडिया ठीक हुन बाहुनवादी सोच, नीति र व्यवहारको अन्त्य हुनुपर्दछ भने बाहुनवादी सोच, नीति र व्यवहारको अन्त्य हुन मिडिया पनि ठीक हुनु पर्दछ। समस्या कुन पहिले ठीक हुने भन्ने हो।

यो प्रतिवेदन एकातिर बाहुनवादीहरुका लागि चेतावनीको घण्टी हो भने अर्कोतिर दलित र जनजाति आन्दोलनका लागि सहयोगी हात हो। त्यसैले यो दुवै पक्षले अध्ययन गर्नु अत्यावश्यक छ। आशा छ यो प्रतिवेदन अन्य कैयन् प्रतिवेदनहरु जस्तै किताबको दराजमा थन्किएर धुलो थुपार्दै रहने छैन। मिडियाका नीति निर्माताहरु, सञ्चारकर्मीहरु, सञ्चार विषयका गुरु र विद्यार्थीहरु, जनजाति आन्दोलनकर्मीहरु र सञ्चार, दलित र जनजातिका अध्येताहरुका लागि यो प्रतिवेदन अध्ययन र मनन गर्नु सबैका लागि लाभदायक हुनेछ। यसका अनुसन्धान संयोजक प्रत्यूष वन्त र उहाँका सहयोगी अनुसन्धाताहरुले र उहाँहरुबाट प्रेरणा पाउनुहुनेहरुले अरु गहिराइमा अध्ययन-अनुसन्धान गरी अझ नयाँ नयाँ तथ्यहरु अगाडि उजागर गरेर दलित र जनजाति आन्दोलनलाई थप उर्जा प्रदान गर्नुहुनेछ भन्नेमा विश्वस्त छु। आउने दिनमा मातृभाषा र मिडिया, हिन्दू इतर धर्म र मिडिया, मिडिया विषयका पाठ्यक्रम र दलित एवं जनजाति, मिडिया र साम्प्रदायिकता, परम्परागत मिडिया र आजको परिवेशमा यसको औचित्य जस्ता सवालहरुका बारेमा अरु बिस्तृत अध्ययन हुने पनि आशा गर्दछु।

डा. कृष्णबहादुर भट्टचन
समाजशास्त्र तथा मानवशास्त्र केन्द्रीय विभाग
त्रिभुवन विश्वविद्यालय
कीर्तिपुर, काठमाडौं।